आज मिति २०८० साल **आषाढ १० गते** यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द बिर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं. २ — आगामी आ.व. को आय व्यय अनुमानको प्रस्ताव सम्बन्धमा।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल यस कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट मिति २०८०/०३/१० को गाउँ सभामा पेश गर्ने भनी सर्वसम्मतमा निर्णय गरियो।

**प्रस्ताव नं. ३ — आगामी आ.व. को आर्थिक ऐन प्रस्ताव सम्बन्धमा।**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल यस कार्यपालिकाको राजश्व परामर्श समितिबाट पेश भएको आगामी आ.व. २०८०/०८१ को आर्थिक ऐनको प्रस्ताव मिति २०८०/०३/१० को गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. ४ — आगामी आ.व. को विनियोजन ऐन प्रस्ताव सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल यस कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आगामी आ.व. २०८०/०८१ को विनियोजन ऐनको प्रस्ताव मिति २०८०/०३/१० को गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. ५ — गरिब परिचयपत्र सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा १० बमोजिम यस गाउँपालिकाको गुनासो सुनुवाई समितिको मिति २०८०/०१/२५ निर्णय बमोजिम तपशिलका नाम, ठेगाना भएको व्यक्तिलाई सिफारिस बमोजिम प्रमाणित गरिदिने भनी निर्णय गरियो।

**तपशिलः-**

| क्र.सं. | परिवारको संकेत नं. | घरमुलीको नाम, थर | ठेगाना | हालको प्राप्त वर्ग | सिफारिस गरिएको वार्ग |
|---|---|---|---|---|---|
| १. | ३०५०६०२०७०७२३ | सुकविर कामी | म्यागङ २ | सामान्य गरिब | अति गरिब |
| २. | ३०५०६०५०१०००८ | राम बहादुर तामाङ | म्यागङ ५ | सामान्य गरिब | अति गरिब |

**प्रस्ताव नं. ६ — कार्यविधि पारित सम्बन्धमा।**

**निर्णय नं. ६** — प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँपालिका अन्तर्गत सञ्चालन गरिने तपशिलका कार्यविधि पारित गर्ने भनी निर्णय गरियो।

- म्यागङ गाउँपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरिक्षण कार्यविधि, २०८०

**प्रस्ताव नं. ७ — गाउँपालिकाको अफिसियल लोगो (LOGO) पारित सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा तपशिलमा भएको लोगो (LOGO) जस अनुसार तल्लो रिवनमा रहेको "सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्यागङ" ले यस म्यागङको दिर्घकालिन सोचको प्रतिनिधित्व गरेको, महिला र पुरुषको उठेको हत्केलाले म्यागङको विकासमा महिला र पुरुषको समान सहभागिता हुने तथा म्यागङ गाउँपालिकाले महिला र पुरुषलाई हरेक कार्यमा समान प्रतिनिधित्वको अवसर दिने, बाहिरी अवरणको गँहुको बालाले म्यागङ गाउँपालिका एक कृषि प्रधान गाउँपालिका रहेको, बाहिरी अवरणको ६ वटा लालीगुराँसले म्यागङको प्रमुख फुलमा लालीगुराँस रहेको र गरिमामय राष्ट्रिय फुल लालीगुराँसको उपस्थितिले म्यागङ गाउँपालिका अन्तर्गतको ६ वटा वडाको प्रतिनिधित्व गरेको, भित्री नक्सा म्यागङ गाउँपालिकाको नक्सा रहेको, नक्सा भित्रको विविध रङ्गले म्यागङको विविधतालाई प्रतिनिधित्व गरेको, पहाडको चित्रले म्यागङ गाउँपालिका एक पहाडीय गाउँपालिका रहेको, तीर धनुष हनेको चित्रले यस म्यागङ गाउँपालिकाको ऐतिहासिक विशेषता अर्थात म्यागङको अर्थ धनुष हन्ने डाँडा प्रतिनिधित्व गरेको र बाहिरी अवरणको सबै भन्दा उच्च भागको नेपालको राष्ट्रिय झन्डाले यस गाउँपालिका आफ्नो राष्ट्रियता प्रति सदैब उच्च सम्मान गर्ने भावना राख्दछ भन्ने भावनाको प्रतिनिधित्व गरेको छ। यसर्थ तल उल्लेखित लोगो (LOGO) लाई गाउँपालिकाको आधिकारिक लोगो (LOGO) रुपमा सर्वसम्मतीमा पारित गरियो।

**प्रस्ताव नं. ८ — 'घ' वर्गको इजाजत पत्र सम्बन्धमा।**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका वडा नं. ५ स्थित जगत बहादुर तामाङ, पूर्णलाल परी लामा, चन्द्रसूर्य तामाङ गरी ३ संचालक रहने श्री टुँडी कन्स्ट्रक्सन प्रा.लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने भनी निर्णय गरियो।

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

प्रस्ताव नं. ९– बजेट माग सम्बन्धमा।

निर्णय नं. ९ – प्रस्ताव नं. ९ उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका तर्फ तपशिलका आयोजनाहरु संचालनमा रकमको आभाव भएकोले श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा समक्ष बजेट मागका लागि अनुरोध गर्ने भनी निर्णय गरियो।

तपशिलः-

| क्र.सं. | योजनाको शीर्षक | अनुमनित बजेट (रु.) |
|---|---|---|
| १. | म्यागङ गा.पा. वडा नं. १, २, ५ र ६ को वडा कार्यालय भवन निर्माण | ३ करोड |
| २. | म्यागङ गाउँपालिका प्रशासकीय भवन कम्पउन्ट वाल निर्माण | १ करोड |
| ३. | म्यागङ गाउँपालिका युवा क्लब भवन निर्माणमा निरन्तरता | ५० लाख |
| ४. | ऐतिहासिक टुँडी पार्क संरक्षण निर्माण | ५० लाख |
| ५. | ३ नं. वडा कार्यालयको पहिरो नियन्त्रण तथा कम्पउन्ट वाल निर्माण | ५० लाख |
| ६. | केउरेनी बागभैरुम आ.वि. हुँदै पिमाम्रङ सडक निर्माण, म्यागङ ३ | १ करोड |
| ७. | जोङदली बसपार्क वतीस्योङ वडा कार्यालय जोड्ने सडक ढलान, म्यागङ २ | ५० लाख |
| ८. | कोन्दोलो खोला डङचेत बल्जुङ सिँचाई, म्यागङ ४ | ५० लाख |
| ९. | म्यागङ गाउँपालिका सिँचाई निर्माण | २ करोड |
| १०. | म्यागङ गाउँपालिका शिक्षा सुदृढीकरण | ५० लाख |
| ११. | सेर्लुङमा कलसिङ बुनाङ सरस्वती मा.वि. जाने पक्की गोरेटो बाटो निर्माण, म्यागङ २ | ५० लाख |
| १२. | मेबब्रङ चाम्ना सडक स्तरउन्नती, म्यागङ ४ | ५० लाख |
| १३. | म्यागङ गा.पा. वडा नं. ६ अन्तर्गतका गोरेटो बाटो निर्माण | १ करोड |
| १४. | क्राइपाई मोटरबाटो निर्माण | १ करोड |
| १५. | सामरी भञ्ज्याङ क्याम्पस भवन निर्माण | २ करोड |
| १६. | म्यागङ गाउँपालिका वडा नं. १ देखि ६ सम्मको गुम्बा निर्माण | २ करोड |
| १७. | म्यागङ गाउँपालिका खेलकुद निर्माण | २ करोड |

**प्रस्ताव नं. १० — स्थानीय पाठ्यक्रम सम्बन्धमा।**

**निर्णय नं. १०** - प्रस्ताव नं. १० उपर छलफल गर्दा म्यागङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण समितिबाट निर्माण गरिएको **"हाम्रो म्यागङ/ङ्याङला म्यागङ"** नामक कक्षा ४ देखि ८ को स्थानीय पाठ्यक्रम, २०८० पारित गर्ने भनी निर्णय गरियो। साथै सो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि नै म्यागङ गाउँपालिकाका सबै विद्यालयहरुमा लागु गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. ११ — सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. ११** - प्रस्ताव नं. ११ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।